# बीमा प्रतिबिम्ब

**नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण**
**वर्ष २ अंक ७ २०८२ माघ**

## पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुऱ्याउँछ । नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ ।

नेपाली बीमा बजारमा आ.व. २०८२/८३ को माघ मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन् । कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन् । त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ । साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कार्यवाही गर्दै आएको छ ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुऱ्याउँछ । यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता र आम सर्वसाधारणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ ।

## नेपाली बीमा बजार

आ.व. २०८२/८३ को माघ मसान्तसम्ममा बीमा क्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन् ।

### १. बीमालेख संख्या

| सूचक | २०८१ माघ मसान्तसम्ममा | २०८२ माघ मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमालेख संख्या *(म्यादि, लघु म्यादि र वैदेशिक रोजगार जीवन बीमालेख बाहेक)* | ५,४१६,००१ | ५,९३५,०९० | ९.५८ |
| म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या | ६,३३३,१८१ | ७,९३४,१३१ | २५.२८ |
| वैदेशिक रोजगार बीमालेख संख्या | २,४०४,६६६ | २,३४६,१४८ | (२.४३) |
| **कुल सक्रिय जीवन बीमालेख संख्या** | **१४,१५३,८४८** | **१६,२१५,३६९** | **१४.५७** |
| **कुल जारी जीवन बीमालेख संख्या** | **३,३६८,२९४** | **४,२७३,१९०** | **२६.८७** |
| **कुल जारी निर्जीवन बीमालेख संख्या** | **१,८२१,९२७** | **१,९२९,०८८** | **५.८८** |

चालु आ.व २०८२/८३ को माघ मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट ४२ लाख ७३ हजार १९० वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा १९ लाख २९ हजार ८८ वटा बीमालेख जारी भएका छन् । साथै, यस आ.व.को माघ मसान्तसम्ममा १ करोड ६२ लाख १५ हजार ३६९ वटा सक्रिय जीवन बीमालेख रहेका छन् जुन गत आ.व.को माघ मसान्तको तुलनामा १४.५७ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

## २. बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| सूचक | २०८१ माघ मसान्तसम्ममा | २०८२ माघ मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा | २०७,५४१.१० | २७७,२२६.४१ | ३३.५८ |
| नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा | ७५२,५७७.८७ | ८५९,८७७.६० | १४.२६ |
| **कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **९६०,११८.९७** | **१,१३७,१०४.०१** | **१८.४३** |
| **कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **२४७,७७०.०३** | **२८२,७४६.५२** | **१४.१२** |
| **जम्मा बीमाशुल्क संकलन रु. लाखमा** | **१,२०७,८८९.००** | **१,४१९,८५०.५३** | **१७.५५** |

चालु आ.व २०८२/८३ को माघ मसान्तसम्ममा रु. १ खर्ब ४१ अर्ब ९८ करोड ५० लाख बीमाशुल्क संकलन भएको छ जुन गत आ.व.को माघ मसान्तको तुलनामा १७.५५ प्रतिशत वृद्धि हो । त्यसैगरी, गत आ.व. को माघ मसान्तको तुलनामा चालु आ.व को माघ मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ बीमाशुल्क संकलन १८.४३ प्रतिशतले बृद्धि भई रु. १ खर्ब १३ अर्ब ७१ करोड ४ लाख रहेको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ १४.१२ प्रतिशतले बृद्धि भई रु. २८ अर्ब २७ करोड ४६ लाख बीमाशुल्क संकलन भएको छ ।

## ३. बीमा दावी भुक्तानी विवरण

*रकम रु. लाखमा*

| सूचक | २०८१ माघ मसान्तसम्ममा | २०८२ माघ मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमा दाबी भुक्तानी संख्या | १२४,७२० | १२३,०९२ | (१.३१) |
| जीवन बीमा दाबी भुक्तानी रकम | २४५,९१८.७१ | २४८,८९५.९१ | १.२१ |
| भुक्तानी हुन वाँकी दाबी संख्या *(जीवन)* | ५०,५९४ | ६०,४५२ | १९.४८ |
| भुक्तानी हुन वाँकी दाबी रकम *(जीवन)* | ३८,०१२.३७ | ५४,५१८.९६ | ४३.४२ |
| निर्जीवन बीमा दाबी भुक्तानी संख्या | ७६,९३७ | ८३,८१९ | ८.९४ |
| निर्जीवन बीमा दाबी भुक्तानी रकम | ११९,५७७.७२ | १५८,२००.२९ | ३२.३० |
| भुक्तानी हुन वाँकी दाबी संख्या *(निर्जीवन)* | १०७,२५४ | ११६,४२१ | ८.५५ |
| भुक्तानी हुन वाँकी दावी रकम *(निर्जीवन)* | ३३१,५११.७९ | ५०१,४९६.३५ | ५१.२८ |

चालु आ.व २०८२/८३ को माघ मसान्तसम्म जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या १ लाख २३ हजार ९२ रहेको छ जस अन्तर्गत रु. २४ अर्ब ८८ करोड ९५ लाख भुक्तानी भएको छ। गत आ.व.को माघ मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा १.३१ प्रतिशत ऋणात्मक र १.२१ प्रतिशत वृद्धि भएको देखिन्छ। साथै, ६० हजार ४५२ वटा दाबी अन्तर्गतको रु. ५ अर्ब ४५ करोड १८ लाख भुक्तानी हुन बाँकी नै रहेको छ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८२/८३ को माघ मसान्तसम्ममा कुल ८३ हजार ८१९ वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु १५ अर्ब ८२ करोड भुक्तानी भएको छ भने, १ लाख १६ हजार ४२१ वटा दाबी संख्या अन्तर्गत कुल रु ५० अर्ब १४ करोड ९६ लाख भुक्तानी हुन बाँकी रहेको छ। गत आ.व.को माघ मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्यामा ८.५५ प्रतिशतले वृद्धि भएको छ भने दाबी रकममा ५१.२८ प्रतिशत वृद्धि भएको देखिन्छ।

## ४. जीवन बीमाको पहुँच

| सूचक | २०८१ माघ मसान्तसम्ममा | २०८२ माघ मसान्तसम्ममा |
|---|---|---|
| बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा *(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक)* | १६.६६ | १८.१० |
| बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि र लघु म्यादि जीवन बीमालेख सहित)* | ३६.१५ | ४२.२९ |
| **बीमाको दायरामा आएको जनसंख्या प्रतिशत** *(म्यादि,लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)* | **४३.९४** | **४९.८२** |

*राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।*

राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा चालु आ.व को माघ मसान्तसम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गर्दा ४९.८२ प्रतिशत जनसंख्यामा बीमाको पहुँच पुगेको छ भने ५०.१८ प्रतिशत जनसंख्या बीमाको पहुँच बाहिर रहेको देखिन्छ।

## ५. समर्पण तथा व्यतित विवरण

*रकम रु. लाखमा*

| सूचक | २०८१ माघ मसान्तसम्ममा | २०८२ माघ मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| समर्पण संख्या | ६२,५२३ | ५९,६७२ | (४.५६) |
| समर्पण रकम | ८५,९०२.०२ | ६९,५१७.३५ | (१९.०७) |
| व्यतित बीमालेखको संख्या | १,२३४,९८३ | १,२२६,२७५ | (०.७१) |

| | | | |
|---|---|---|---|
| व्यतित बीमालेखको रकम | ३६६,२०६.१० | ३७७,०८२.६८ | २.९७ |

चालु आ.व २०८२/८३ को माघ मसान्तसम्ममा ५९ हजार ६७२ वटा जीवन बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु ६ अर्ब ९५ करोड १७ लाख समर्पण रकम रहेको छ। त्यसैगरी, १२ लाख २६ हजार २७५ बीमालेख व्यतित भएका छन् भने व्यतित बीमालेखको रकम रु ३७ अर्ब ७० करोड ८२ लाख रहेको छ।

## ६. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

| सूचक | २०८१ माघ मसान्तसम्ममा | २०८२ माघ मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,८३९ | १,८४६ | ०.३८ |
| निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,१५७ | १,१५५ | (०.१७) |
| **बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या** | **२,९९६** | **३,००१** | **०.१७** |
| जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ६,०६१ | ६,१०९ | ०.७९ |
| निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ५,९९२ | ६,२५६ | ४.४१ |
| **बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या** | **१२,०५३** | **१२,३६५** | **२.५९** |

चालु आ.व. २०८२/८३ को माघ मसान्तसम्ममा जीवन बीमातर्फ १ हजार ८४६ र निर्जीवन बीमातर्फ १ हजार १५५ गरी जम्मा शाखा संख्या ३ हजार १ पुगेको छ भने जीवन बीमातर्फ ६ हजार १०९ र निर्जीवन बीमातर्फ ६ हजार २५६ गरी कुल १२ हजार ३६५ जना कर्मचारी कार्यरत छन्।

## ७. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

| सूचक | २०८१ माघ मसान्तसम्ममा (१) | जारी बीमालेखको हिस्सा प्रतिशत | २०८२ माघ मसान्तसम्ममा (२) | जारी बीमालेख को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक जीवन बीमा | १५३,१५५.०० | ४.५५ | १६२,१९३.०० | ३.८० | **५.९०** |
| अग्रिम भुक्तानी सावधिक जीवन बीमा | २०,२८६.०० | ०.६० | २३,७४९.०० | ०.५६ | **१७.०७** |
| रुपान्तरित सावधिक जीवन बीमा | २७,४६३.०० | ०.८२ | ३१,६२१.०० | ०.७४ | **१५.१४** |
| बालबच्चा सम्बन्धी सावधिक जीवन बीमा | ५८,७७५.०० | १.७४ | ६७,८४८.०० | १.५९ | **१५.४४** |
| वैदेशिक रोजगार म्यादी | ४६७,३३७.०० | १३.८७ | ४७१,८८४.०० | ११.०४ | **०.९७** |

| | | | | | |
|---|---|---|---|---|---|
| आजीवन जीवन बीमा | ३,१११.०० | ०.०९ | २,७४६.०० | ०.०६ | (११.७३) |
| एकल बीमाशुल्क जीवन बीमा | ११,९०२.०० | ०.३५ | ९,१४५.०० | ०.२१ | (२३.१६) |
| म्यादी जीवन बीमा | ५५४,७२१.०० | १६.४७ | ६००,५९८.०० | १४.०६ | ८.२७ |
| लघु जीवन बीमा | २,०६५,४९१.०० | ६१.३२ | २,८९८,२२६.०० | ६७.८२ | ४०.३२ |
| अन्य जीवन बीमा | ६,०५३.०० | ०.१८ | ५,१८०.०० | ०.१२ | (१४.४२) |
| **जम्मा** | ३,३६८,२९४.०० | १००.०० | ४,२७३,१९०.०० | १००.०० | २६.८७ |

चालु आ.व. २०८२/८३ को माघ मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ६७.८२ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा आजिवन जीवन बीमालेखको ०.०६ प्रतिशत रहेको छ। गत आ.व.को माघ मसान्तसम्मको तुलनामा जारी बीमालेखको संख्यामा २६.८७ प्रतिशतले वृद्धि भएको छ।

## ८. सक्रिय जीवन बीमालेख संख्या

| जीवन बीमालेख | २०८१ माघ मसान्तसम्ममा (१) | सक्रिय बीमालेख को हिस्सा प्रतिशत | २०८२ माघ मसान्तसम्ममा (२) | सक्रिय बीमालेख को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक जीवन बीमा | २,०५२,३७७.०० | १४.५० | २,१८९,२०४.०० | १३.५० | ६.६७ |
| अग्रिम भुक्तानी सावधिक जीवन बीमा | ४४४,४२२.०० | ३.१४ | ४५७,५२९.०० | २.८२ | २.९५ |
| रुपान्तरित सावधिक जीवन बीमा | ५३५,०९८.०० | ३.७८ | ६००,०५५.०० | ३.७० | १२.१४ |
| बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा | १,०१५,६८९.०० | ७.१८ | १,०८९,३५७.०० | ६.७२ | ७.२५ |
| वैदेशिक रोजगार म्यादि जीवन बीमा | २,४०४,६६६.०० | १६.९९ | २,३४६,१४८.०० | १४.४७ | (२.४३) |
| आजिवन जीवन बीमा | १७६,९५०.०० | १.२५ | १७०,०८०.०० | १.०५ | (३.८८) |
| एकल बीमाशुल्क जीवन बीमा | ८४,४५०.०० | ०.६० | १११,००९.०० | ०.६८ | ३१.४५ |
| म्यादि जीवन बीमा | ३,२८५,२५४.०० | २३.२१ | ३,४२७,७६२.०० | २१.१४ | ४.३४ |
| लघु जीवन बीमा | ४,०३१,०१२.०० | २८.४८ | ५,७००,५६७.०० | ३५.१६ | ४१.४२ |
| अन्य जीवन बीमा | १२३,९३०.०० | ०.८८ | १२३,६५८.०० | ०.७६ | (०.२२) |
| **जम्मा** | १४,१५३,८४८.०० | १००.०० | १६,२१५,३६९.०० | १००.०० | १४.५७ |

चालु आ.व. २०८२/८३ को माघ मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ३५.१६ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा एकल बीमालेखको ०.६८ प्रतिशत रहेको छ। गत आ.व. को माघ मसान्तसम्मको तुलनामा चालु आ.व.को माघ मसान्तसम्ममा सक्रिय बीमालेखको संख्यामा १५.५७ प्रतिशत वृद्धि भएको छ।

## ९. प्रदेश अनुसार सक्रिय जीवन बीमालेख संख्या

| प्रदेश | २०८१ माघ मसान्तसम्ममा (१) | सक्रिय बीमालेखको हिस्सा प्रतिशत | २०८२ माघ मसान्तसम्ममा (२) | सक्रिय बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | १,१५४,०९७.०० | ८.१५ | १,९०४,५७३.०० | ११.७५ | ६५.०३ |
| मधेश | ६०९,५५२.०० | ४.३१ | ७०४,६७२.०० | ४.३५ | १५.६० |
| बागमती | ९,८६२,९६८.०० | ६९.६८ | १०,१७६,०८०.०० | ६२.७६ | ३.१७ |
| गण्डकी | ६७७,७४८.०० | ४.७९ | १,०८९,३७६.०० | ६.७२ | ६०.७३ |
| लुम्बिनी | १,०२७,०४१.०० | ७.२६ | १,१३०,४७४.०० | ६.९७ | १०.०७ |
| कर्णाली | २८२,३३२.०० | १.९९ | ६१४,४८१.०० | ३.७९ | ११७.६४ |
| सुदुरपश्चिम | ५४०,११०.०० | ३.८२ | ५९५,७१३.०० | ३.६७ | १०.२९ |
| **जम्मा** | १४,१५३,८४८.०० | १००.०० | १६,२१५,३६९.०० | १००.०० | १४.५७ |

चालु आ.व. २०८२/८३ को माघ मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी १ करोड १ लाख ७६ हजार ८० वटा सक्रिय बीमालेख बागमती प्रदेशमा रहेको छ भने सबै भन्दा कम ५ लाख ९५ हजार ७१३ वटा सक्रिय बीमालेख सुदुरपश्चिम प्रदेशमा रहेको छ ।

## १०. जारी निर्जीवन बीमालेख संख्या

| निर्जीवन बीमालेख | २०८१ माघ मसान्तसम्ममा (१) | जारी बीमालेखको हिस्सा प्रतिशत | २०८२ माघ मसान्तसम्ममा (२) | जारी बीमालेख को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सम्पत्ति बीमा | २८१,५५७.०० | १५.४५ | २७०,४७१.०० | १४.०२ | (३.९४) |
| सामून्द्रिक बीमा | २२१,४०३.०० | १२.१५ | २३६,४११.०० | १२.२६ | ६.७८ |
| हवाई बीमा | ६९.०० | ०.०० | १३४.०० | ०.०१ | ९४.२० |
| मोटर बीमा | ९१५,५०२.०० | ५०.२५ | ९४५,६८३.०० | ४९.०२ | ३.३० |
| इन्जि. तथा ठे. जो. बीमा | १४,३५७.०० | ०.७९ | १४,३०८.०० | ०.७४ | (०.३४) |
| विविध बीमा | ९४,८६२.०० | ५.२१ | ९१,४९१.०० | ४.७४ | (३.५५) |
| कृषि तथा बाली बीमा | ८६,८२२.०० | ४.७७ | ९३,५९४.०० | ४.८५ | ७.८० |
| लघु बीमा | २०७,३५६.०० | ११.३८ | २७६,९९६.०० | १४.३६ | ३३.५८ |
| **जम्मा** | १,८२१,९२८.०० | १००.०० | १,९२९,०८८.०० | १००.०० | ५.८८ |

चालु आ.व. २०८२/८३ को माघ मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा मोटर बीमाको ४९.०२ प्रतिशत रहेको छ भने सबै भन्दा कम संख्यामा हवाई बीमालेख जारी भएका छन् जस्को हिस्सा ०.०१ प्रतिशत रहेको छ। गत आ.व. को माघ मसान्तसम्मको तुलनामा चालु आ.व.को सोही समयमा कुल जारी बीमालेख संख्या ५.८८ प्रतिशतले वृद्धि भएको छ।

## ११. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

| प्रदेश | २०८१ माघ मसान्तसम्ममा (१) | बीमालेखको हिस्सा प्रतिशत | २०८२ माघ मसान्तसम्ममा (२) | बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | २२४,९१६.०० | १२.३४ | २४२,९६८.०० | १२.५९ | ८.०३ |
| मधेश | १९२,६१२.०० | १०.५७ | १९१,१४९.०० | ९.९१ | (०.७६) |
| बागमती | ७९८,५७४.०० | ४३.८३ | ८६८,१२९.०० | ४५.०० | ८.७१ |
| गण्डकी | १८३,०१२.०० | १०.०४ | १८५,८१८.०० | ९.६३ | १.५३ |
| लुम्बिनी | २९६,२५७.०० | १६.२६ | ३१०,९७७.०० | १६.१२ | ४.९७ |
| कर्णाली | ३१,३२८.०० | १.७२ | ३३,७८२.०० | १.७५ | ७.८३ |
| सुदुरपश्चिम | ९५,२२९.०० | ५.२३ | ९६,२६५.०० | ४.९९ | १.०९ |
| **जम्मा** | १,८२१,९२८.०० | १००.०० | १,९२९,०८८.०० | १००.०० | ५.८८ |

चालु आ.व. २०८२/८३ को माघ मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गरेको बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४५ प्रतिशत रहेको छ सबै भन्दा कम हिस्सा  कर्णाली प्रदेशमा १.७५ प्रतिशत रहेको छ।

## १२. बीमालेखका आधारमा जीवन बीमामा कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| जीवन बीमालेख | २०८१ माघ मसान्तसम्ममा (१) | बीमाशुल्कको हिस्सा प्रतिशत | २०८२ माघ मसान्तसम्ममा (२) | बीमाशुल्कको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक | ३५४,८७२.०२ | ३६.९६ | ४६१,६१४.३९ | ४०.६० | ३०.०८ |
| अग्रिम भुक्तानी सावधिक | २०७,७९६.४३ | २१.६४ | २१७,३२४.९६ | १९.११ | ४.५९ |
| रुपान्तरित सावधिक | १२३,८०८.४८ | १२.९० | १३१,४५१.४७ | ११.५६ | ६.१७ |

| | | | | | |
|---|---|---|---|---|---|
| बालबच्चा सम्बन्धी सावधिक | १५०,९१३.३४ | १५.७२ | १८६,४०९.३८ | १६.३९ | २३.५२ |
| वैदेशिक रोजगार म्यादी | १९,७६१.२४ | २.०६ | २०,१४९.७८ | १.७७ | १.९७ |
| आजीवन | २४,७५९.४८ | २.५८ | २४,७९९.४९ | २.१८ | ०.१६ |
| एकल बीमाशुल्क | ३५,६६२.०२ | ३.७१ | ४६,३१३.४५ | ४.०७ | २९.८७ |
| म्यादी | ८,३०८.६२ | ०.८७ | ९,८३१.४६ | ०.८६ | १८.३३ |
| लघु | १५,४९५.८९ | १.६१ | १९,१९३.१० | १.६९ | २३.८६ |
| अन्य | १८,७४१.४६ | १.९५ | २०,०१६.५४ | १.७६ | ६.८० |
| **जम्मा** | ९६०,११८.९६ | १००.०० | १,१३७,१०४.०१ | १००.०० | १८.४३ |

चालु आ.व. २०८२/८३ को माघ मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सावधिक जीवन बीमालेखको ४०.६० प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा म्यादी बीमालेखको ०.८६ प्रतिशत रहेको छ। गत आ.व. को माघ मसान्तसम्मको तुलनामा चालु आ.व.को माघ मसान्तसम्ममा जीवन बीमातर्फ कुल बीमाशुल्क संकलनमा १८.४३ प्रतिशतले वृद्धि भएको छ।

## १३. प्रदेश अनुसार कुल जीवन बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| प्रदेश | २०८१ माघ मसान्तसम्ममा (१) | बीमाशुल्कको हिस्सा प्रतिशत | २०८२ माघ मसान्तसम्ममा (२) | बीमाशुल्कको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | ११७,८३३.८८ | १२.२७ | १३५,३७२.४६ | ११.९१ | १४.८८ |
| मधेश | ८६,६३५.९१ | ९.०२ | १०२,२३७.६५ | ८.९९ | १८.०१ |
| बागमती | ४१५,९९६.८८ | ४३.३३ | ५०१,८८९.११ | ४४.१४ | २०.६५ |
| गण्डकी | ९९,३५७.११ | १०.३५ | ११६,२०६.१९ | १०.२२ | १६.९६ |
| लुम्बिनी | १५२,७९४.९३ | १५.९१ | १७८,८५८.८७ | १५.७३ | १७.०६ |
| कर्णाली | २८,२१७.२४ | २.९४ | ३४,०६५.८९ | ३.०० | २०.७३ |
| सुदुरपश्चिम | ५९,२८३.०२ | ६.१७ | ६८,४७३.८५ | ६.०२ | १५.५० |
| **जम्मा** | ९६०,११८.९७ | १००.०० | १,१३७,१०४.०१ | १००.०० | १८.४३ |

चालु आ.व. २०८२/८३ को माघ मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४४.१४ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा ३.०० प्रतिशत रहेको छ।

### १४. निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| निर्जीवन बीमालेख | २०८१ पौष मसान्तसम्ममा (१) | बीमाशुल्क को हिस्सा प्रतिशत | २०८२ पौष मसान्तसम्ममा (२) | बीमाशुल्क को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सम्पत्ति | ६३,३४५.६७ | २५.५७ | ६७,७६९.८३ | २३.९७ | **६.९८** |
| सामून्द्रिक | १४,५५६.९१ | ५.८८ | १७,४१३.०९ | ६.१६ | **१९.६२** |
| हवाई | १३,५५०.७५ | ५.४७ | १२,८१६.२५ | ४.५३ | (५.४२) |
| मोटर | ७६,८७७.२९ | ३१.०३ | ९१,५९९.७६ | ३२.४० | **१९.१५** |
| इन्जि. तथा ठे. जो. | ३६,१०६.५७ | १४.५७ | ४५,१७१.८१ | १५.९८ | **२५.११** |
| विविध | २८,५५२.०५ | ११.५२ | ३०,६९०.५० | १०.८५ | **७.४९** |
| कृषि तथा बाली | ९,६४७.८५ | ३.८९ | ९,८२८.०६ | ३.४८ | **१.८७** |
| लघु | ५,१३२.९४ | २.०७ | ७,४५७.२२ | २.६४ | **४५.२८** |
| **जम्मा** | २४७,७७०.०३ | १००.०० | २८२,७४६.५२ | १००.०० | **१४.१२** |

चालु आ.व. २०८२/८३ को माघ मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा मोटर बीमालेखको ३२.४० प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा लघु बीमालेखको २.६४ प्रतिशत रहेको छ। गत आ.व. को माघ मसान्तसम्मको तुलनामा चालु आ.व.को माघ मसान्तसम्ममा कुल बीमाशुल्क संकलन १४.१२ प्रतिशतले वृद्धि भएको छ।

### १५. प्रदेश अनुसार निर्जीवन कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| प्रदेश | २०८१ पौष मसान्तसम्ममा (१) | बीमाशुल्क को हिस्सा प्रतिशत | २०८२ पौष मसान्तसम्ममा (२) | बीमाशुल्कको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | २१,५१५.०० | ८.६८ | २३,७८५.९६ | ८.४१ | **१०.५६** |
| मधेश | १६,७११.६७ | ६.७४ | १८,१७९.३८ | ६.४३ | **८.७८** |
| बागमती | १६५,५८७.४४ | ६६.८३ | १९२,९३४.८६ | ६८.२४ | **१६.५२** |
| गण्डकी | १३,२५७.०३ | ५.३५ | १४,१८९.०९ | ५.०२ | **७.०३** |
| लुम्बिनी | २१,९७७.९३ | ८.८७ | २४,०८६.२७ | ८.५२ | **९.५९** |
| कर्णाली | २,३२५.४५ | ०.९४ | २,६९३.३९ | ०.९५ | **१५.८२** |

| | | | | | |
|---|---|---|---|---|---|
| सुदुरपश्चिम | ६,३९५.५१ | २.५८ | ६,८७७.५६ | २.४३ | ७.५४ |
| **जम्मा** | २४७,७७०.०३ | १००.०० | २८२,७४६.५२ | १००.०० | १४.१२ |

चालु आ.व. २०८२/८३ को माघ मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी बीमाशुल्क संकलनको हिस्सा बागमती प्रदेशको ६८.२४ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ०.९५ प्रतिशत रहेको छ।

## १६. उजुरी दर्ता तथा फछ्यौंट

| विवरण | | आर्थिक वर्ष | |
|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ |
| गत वर्षको निवेदन बाँकी संख्या | | २८७ | ३९४ |
| यस वर्षको निवेदन संख्या | केन्द्रीय कार्यालयमा | १४४ | ६५ |
| | प्रदेश कार्यालयमा | ९१ | २६ |
| | कुल दर्ता | २३५ | ९१ |
| पुनरावेदनबाट आएका मुद्दाको संख्या | | ३ | - |
| **जम्मा निवेदन** | | ५२५ | ४८५ |
| फैसला/सहमति भएका मुद्दा संख्या | फैसला | ८५ | ४६ |
| | सहमति | ४६ | १८ |
| | जम्मा फछ्यौंट | १३१ | ६४ |
| **बाँकी संख्या** | | ३९४ | ४२१ |

चालु आ.व. २०८२/८३ को माघ मसान्तसम्ममा केन्द्रीय कार्यालयमा ६५ र प्रदेश कार्यालयमा २६ गरी प्राधिकरणमा कुल दर्ता भएका ९१ वटा उजुरी र गत वर्षको बाँकी ३९४ वटा निवेदन गरी कुल ४८५ वटा उजुरी प्राप्त भएको छ जसमध्ये ४६ वटा उजुरी मुद्दा फैसलाबाट र १८ वटा उजुरी सहमतीबाट गरी कुल ६४ वटा उजुरी फछ्यौंट भएका छन् भने ४२१ वटा उजुरी विचाराधिन अवस्थामा नै रहेको छ।

**तयार:**
अनुसन्धान महाशाखा
नेपाल बीमा प्राधिकरण